# कार्यसंचालन निर्देशिका
## सामुदायस्तरमा कार्यरत संस्थाहरू (CSOs) को लागि EOI

प्रकाशन मिति: २०८१ फागुन १ गते विहिबार

### परिचय

यो कार्यसंचालन निर्देशिकाले सामुदायस्तरमा कार्यरत संस्थाहरू (CSOs) लाई आवेदन प्रक्रिया, छनोट मापदण्डहरू, र परियोजना सम्बन्धि अन्य महत्वपूर्ण जानकारी थाहा पाउन सहयोग गर्दछ।

यो ग्रान्ट ACCESS परियोजना अन्तर्गत जारी गरिएको हो, जहाँ एकाउन्तबिलिटी ल्याब नेपाल एक साझेदार संस्थाको रूपमा काम गर्दैछ। ल्याबले मधेश, सुदूरपश्चिम, र कर्णाली प्रदेशका १२ वटा स्थानीय तहहरूमा आफ्नो CivActs मोडेल कार्यान्वयन गर्नेछ। यस अन्तर्गत, ल्याबले माथि उल्लेखित प्रदेशहरूमा रहेका स्थानीय CSO हरूलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नेछ। यसले संस्थाहरूलाई CivActs मोडेल अन्तर्गतका क्रियाकलापहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्षम बनाउनेछ र अन्ततः ACCESS परियोजनाको लक्ष्यहरू पुरा गर्न सहयोग गर्नेछ।

ACCESS परियोजनाले सबैका लागि शिक्षा सुनिश्चित गर्न CSO हरूको भूमिकालाई प्रभावकारीरुपमा अघि बढाउन तथा CSO हरूका सदस्यहरूलाई समावेशी शिक्षाको प्रवर्द्धन र SESP कार्यान्वयन तथा अनुगमनमा प्रभावकारी भूमिका खेल्न सशक्त बनाउन काम गरिरहेको छ।

नोट: यो *EOI, ACCESS* परियोजनामा सहभागिता जनाउन छनोट भएका *NCE* र *NDWA* का सञ्जालमा आवद्ध *CSO* हरूका लागि मात्र हो।

यो ग्रान्ट पूर्ण रूपमा एकाउन्तबिलिटी ल्याब नेपालद्वारा व्यवस्थापन र संचालन गरिनेछ। ग्रान्टसम्बन्धी सबै निर्णयहरूमा, जस्तै आवेदन मूल्यांकन, छनोट, आर्थिक, कार्यान्वयनको अनुगमन, र निरीक्षणमा एकाउन्तबिलिटी ल्याब नेपाललाई पूर्ण अधिकार हुनेछ।

### **CivActs** मोडेल

CivActs समुदायका महत्वपुर्ण मुद्दाहरू र आवाजहरूलाई संवाद र सहभागिताको माध्यमबाट सम्बन्धित निकायसम्म जोड्नुका साथै विकास र नीतिनिर्माण प्रक्रियाहरूमा समुदायको सहभागितालाई सहजीकरण गर्ने एउटा मंच हो। CivActs ले हालसम्म नेपाल, पाकिस्तान, लाइबेरिया, र मालीका सयौं समुदायबाट महत्त्वपूर्ण जानकारी सङ्कलन गरी नागरिकका दैनिक समस्याहरूलाई समाधान गर्न सहजीकरण गरिरहेको छ। यसले हालसम्म वैदेशिक रोजगारी, समावेशिता, आर्थिक पारदर्शिता, युवा

सहभागिता लगायतका विषयमा समुदाय र सरकारलाई जोडेर तथ्यमा आधारित निर्णय गर्न सहयोग गरिरहेको छ।

युरोपियन आयोगको आर्थिक सहयोगमा सञ्चालित ACCESS परियोजना अन्तर्गत CivActs मोडेलले समुदाय र स्थानीय सरकारलाई सशक्त बनाउँदै शिक्षा सम्बन्धी योजना, नीति, र अभ्यासहरूमा जवाफदेहिता सुनिश्चित गर्दै समुदायमा आधारित संस्थाहरूको प्रयासलाई सहयोग गरिरहेको छ। मधेश, सुदूरपश्चिम, र कर्णाली प्रदेशका १२ स्थानीय तहमा लागू गरिएका यी क्रियाकलापहरूको विस्तृत विवरणका लागि अनुसूची १ हेर्नुहोस्।

## आवेदनको प्रक्रिया

- **TOR** निर्माण: एकाउन्तबिलिटी ल्याब नेपालले ग्रान्टको प्रमुख उद्देश्य, अवधि, कार्यान्वयन प्रक्रिया, र मूल्यांकनका मुख्य मापदण्डहरू समेट्दै TOR तयार गर्नेछ।
- **CSO** हरूका लागि **EOI** आह्वान: एकाउन्तबिलिटी ल्याब नेपालको सामाजिक सञ्जालमा १४ दिनको अवधि तोकेर प्रस्तावना पेश गर्न सूचना प्रकाशित गरिनेछ। यसका लागि एकाउन्तबिलिटी ल्याब नेपालले साझेदार संस्थाहरूको सहयोगमा सम्भावित CSO हरूको पहिचान गर्नेछ र ईमेलमार्फत EOI को जानकारी दिनेछ।
- भर्चुअल जानकारी सत्र: सम्भावित आवेदकहरूलाई ग्रान्ट र यसको आवेदन प्रक्रियाबारे जानकारी गराउन एकाउन्तबिलिटी ल्याब नेपालले एक अनलाइन जानकारी सत्र आयोजना गर्नेछ। जानकारी सत्रको विवरण EOI मा समावेश गरिनेछ र सामाजिक सञ्जालहरूमा समेत साझा गरिनेछ। यस सत्रमा सहभागीहरूको कुनै जिज्ञासा भए त्यसको पनि समाधान गरिनेछ।

## छनोट प्रक्रिया

एकाउन्तबिलिटी ल्याब नेपालले आवेदनहरू प्राप्त गरिसकेपछि तीन चरणमा मूल्यांकन गर्नेछ।

- पहिलो चरण : प्रारम्भिक चरणमा, अपूर्ण वा आवश्यक कागजात नभएका आवेदनहरू अयोग्य मानिनेछ।
- दोस्रो चरण : यो चरणमा, एकाउन्तबिलिटी ल्याब नेपालले तोकेको मापदण्ड (विस्तृत रूपमा तल उल्लेख गरिएको छ) को आधारमा आवेदनहरूलाई मूल्यांकन गरी क्रमबद्ध गरिनेछ र अर्को चरणका लागि छनोट गरिनेछ।

| विषयवस्तु | अंकभार |
|---|---|
| प्रस्तावनाको गुणस्तर | १० |
| कार्य अनुभव तथा परियोजना कार्यन्वयन गर्नसक्ने क्षमता | ४० |
| लक्ष्यहरूको स्पष्टता, सन्दर्भको बुझाइ, र कार्यान्वयन रणनीतिहरू | ४० |

| | |
|---|---|
| समता, समावेशिता, र समुदायको सहभागिताप्रतिको दृष्टिकोण | १० |

- तेस्रो चरण : त्यसपछि, एकाउन्तबिलिटी ल्याब नेपालले छनौट भएका CSO हरूलाई आधिकारिक रूपमा ईमेलमार्फत जानकारी दिने।

## ग्रान्ट रकम दिने प्रक्रिया

यस ग्रान्टको प्राथमिकता यस निर्देशिकाको अनुसूची १ मा उल्लेखित १२ पालिकामा काम गर्नु हो। एकाउन्तबिलिटी ल्याब नेपालले प्रत्येक पालिकाबाट अधिकतम १ वटा CSO छनोट गर्नेछ, जसअनुसार १२ वटा CSO हरू छनौट हुनेछन्। तर, CSO हरूको सान्दर्भिकता र क्षमता मूल्यांकन गरी कम संख्यामा पनि CSO हरू छनोट गर्न सकिनेछ। छनोट प्रक्रिया पूरा भएपछि, एकाउन्तबिलिटी ल्याब नेपालले छनौट गरेका CSO हरूसँग सम्झौता गर्नेछ।

## बजेट विनियोजन

ग्रान्ट दुई किस्तामा वितरण गरिनेछ: पहिलो किस्तामा ५०% प्रदान गरिनेछ, र बाँकी ५०% रकम कार्यक्रम संचालनको अवधिमा प्रदान गरिनेछ। दोस्रो किस्ता कार्य सम्पादनको गुणस्तर, प्रगति, प्रतिवेदन तथा स्वीकृत कार्ययोजना र प्रस्तावित बजेट शीर्षकलाई आधार मानेर प्रदान गरिनेछ। दोस्रो किस्ता जारी गर्नुअघि, पहिलो किस्ताको बाँकी रकमको अवस्था पनि समावेश गरिनेछ। CSO हरूको बजेट एकाउन्तबिलिटी ल्याब नेपालले सोझै उनीहरूको बैंक खातामा जम्मा गर्नेछ ।

## अनुगमन तथा मूल्यांकन

- समिक्षा बैठक: परियोजना संचालन भईसकेपछि हरेक महिना अनलाईन माध्यममा समिक्षा बैठक सञ्चालन गरिनेछ। जसमा CSO हरूको कार्यप्रगतिको समिक्षा गरिनेछ र साथसाथै चुनौती, प्रभाव, र सफलताका कथाहरूको बारेमा पनि छलफल गरिनेछ।
- प्रतिवेदन: CSO हरूले प्रत्येक तीन महिनामा कार्यक्रम तथा वित्तीय प्रतिवेदन पेश गर्नुपर्नेछ, साथै परियोजना समाप्त भएपछि कार्यक्रम समाप्तिको प्रतिवेदन पनि पेश गर्नुपर्नेछ। यसका लागि एकाउन्तबिलिटी ल्याब नेपालले प्रतिवेदनको ढांचा प्रदान गर्नेछ।
- सूचकहरू: एकाउन्तबिलिटी ल्याब नेपालले अभिमुखीकरण कार्यक्रम संचालन गर्दैगर्दा CSO हरूसँगको सहकार्यमा कार्यक्रमको प्रभावकारिता मापनका सूचकहरू तयार गर्नेछ र त्यसकै आधारमा कार्यक्रमको प्रभावकारिता मापन गरिनेछ।

## कार्ययोजना

| | |
|---|---|
| आवेदन खुला | १ फागुन, २०८१ |
| परियोजना सम्बन्धि भर्चुवल जानकारीमुलक सेसन | ५ फागुन, २०८१ |
| आवेदन बन्द | १५ फागुन, २०८१ |
| आवेदन को स्थिति बारे CSO हरूलाई जानकारी | १८ फागुन, २०८१ |
| परिचयात्मक कल | फागुन २०८१ |
| हरेक महिना समिक्षा बैठक (भर्चुवल) | हरेक महिना |
| परियोजना समाप्ति | १४ कार्तिक, २०८२ |
| अन्तिम प्रतिवेदन | २८ कार्तिक, २०८२ |

## अनुसूची १

परियोजना संचालन हुने १२ पालिकाहरू

| प्रदेश | जिल्ला | स्थानीय पालिका |
|---|---|---|
| कर्णाली | सुर्खेत | सिमता गाउँपालिका |
| | सुर्खेत | भारतताल गाउँपालिका |
| | सुर्खेत | चौकुने गाउँपालिका |
| | दैलेख | डुंगेश्वर गाउँपालिका |
| मधेश | सिरहा | कल्याणपुर नगरपालिका |
| | सिरहा | सिराहा नगरपालिका |
| | धनुषा | बटेश्वर गाउँपालिका |
| | धनुषा | मुखियापट्टी मुसहरनिया गाउँपालिका |
| सुदुरपस्चिम | कैलाली | मोहन्याल गाउँपालिका |
| | कैलाली | भजनी नगरपालिका |
| | डोटी | बदिकेदार गाउँपालिका |
| | कैलाली | कैलारी गाउँपालिका |